Transport for NSW

# सडक सुरक्षा

## तपाईंको बच्चालाई सवारी साधन भित्र र बाहिर सुरक्षित राख्नुहोस्

अनुमोदित बालबालिकाको कार सिटमा सुरक्षित रूपमा कब्जा लगाएर राखिएको बच्चा दुर्घटनामा मारिने वा घाइते हुने सम्भावना कम हुन्छ।

चार वर्षभन्दा कम उमेरका बच्चाहरू दुई वा बढी पङ्क्ति भएको सवारी साध ो अगाडिको सिटमा बस्न मिल्दैन, जबसम्म अन्य सबै पछाडिका सिटहरूमा सात वर्षभन्दा कम उमेरका बच्चाहरूले बच्चाको स्वीकृत कार सिटहरूमा बसेर ओगटेका हुन्छन्। दुई वा बढी पङ्क्ति भएको सवारी साधनको पछाडीका सिटहरूमा साना बच्चाहरू राख्नु उत्तम विचार हो।

राष्ट्रिय बाल निषेध कानूनले तपाईंको बच्चालाई सवारी साधनमा कब्जा लगाएर निम्नानुसार राख्न आदेश दिन्छ:

**0 – 6 महिना**
स्वीकृति प्राप्त गाडीको पछाडि फर्काएर बाँधिएको बच्चाको कार सिट।

**6 महिना – 4 वर्ष**
स्वीकृति प्राप्त गाडीको पछाडि फर्काएर वा अगाडी फर्काएर बाँधिएको बच्चाको कार सिट।

**4 बर्ष भन्दा माथी**
स्वीकृति प्राप्त गाडीको अगाडि फर्केको बच्चाको कार सीट वा बूस्टर सिट।

**145 सेमी वा सो भन्दा अग्लो**
गाडीमा भएको वयस्क ल्याप - स्यास सिटबेल्ट प्रयोग गर्न सिफारिस गरिएको न्यूनतम उचाइ।

थप जानकारीको लागि र बाल कार सिटहरूको प्रकारहरु जान्न र तुलना गर्न, **childcarseats.com.au** मा जानुहोस्।

तपाईंको बच्चालाई गाडी भित्र र बाहिर सुरक्षित राख्न मद्दत गर्न यहाँ केही सुझावहरू दिइएको छ:

- आफ्नो बच्चालाई सधैं 'सुरक्षित ढोका' मार्फत गाडी भित्र र बाहिर जान मद्दत गर्नुहोस्। यो गाडीको पछाडिको सडक किनार तर्फको ढोका हो।
- तपाईंको बच्चालाई सिटबेल्ट बाँध्न मद्दत गर्नुहोस् – सिटबेल्ट बलियोसँग बाँधिएको छ र बटारिएको छैन भन्ने सँधै सुनिश्चित गर्नुहोस्।
- तपाईंले गाडी सुरु गर्नु अघि प्रत्येक यात्रु तथा बच्चाको कारसिटमा सिटबेल्ट लगाएर बस्नुपर्छ भन्ने नियम बनाउनुहोस्।
- सुतिरहेको बच्चा सवारी साधनमा हुँदा बलियोसँग सिटबेल्ट लगाइएको अवस्थामा हुनुपर्छ।
- वयस्कको सुपरिवेक्षण बिना कुनै पनि उमेरका बच्चालाई सवारी साधनमा कहिल्यै नछोड्नुहोस्। बच्चाहरू यदि ध्यान नदिएमा, विशेष गरी तातो दिनहरूमा, द्रुत रूपमा निर्जलीकरण, तातो तापक्रमको थकान र अंग विफलताबाट ग्रस्त हुन सक्छन्।

**बच्चाहरूले तपाईंबाट सुरक्षित सडक प्रयोगकर्ता बानीहरू सिक्छन् र एक्लै यात्रा गर्न सक्ने उमेर पुगेपछि पनि ती बानीहरूलाई जारी राख्छेछन्।**

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।



### तपाईंको बच्चालाई सिकाउनको लागि मुख्य सडक सुरक्षा सन्देशहरू

- क्लिक, क्ल्याक, फ्रन्ट एण्ड ब्याक (अगाडि र पछाडि क्लिक क्ल्याक)
- सँधै सुरक्षित रूपले सिटबेल्ट लगाउनुपर्छ
- फुटपाथ पट्टीबाट कार भित्र र बाहिर निस्कनुपर्छ

स्टक कोड 45095272 जुन 2024 © NSW को लागि यातायात

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

NSW GOVERNMENT

TOWARDS ZERO